# नेपाल आँखा कार्यक्रम

**Nepal Eye Program**

जि. प्र. का. दर्ता नं.: १३/०४९/५०
दर्ता मिति: ०४९/४/६
स. क. प. दर्ता नं. १२५०
पान नं. ५००१३११२९

# Tilganga Institute of Ophthalmology

Tilganga, Kathmandu, Nepal, P.O.Box 561, Tel: 4493775, 4493684, 4499080 Fax: 977-1-4474937, Web: www.tilganga.org


मिति : २०७७।०५।२६

## नयाँ भर्ना आवेदन सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) द्वारा शैक्षिक सत्र २०७७/७८ का लागि यही भाद्र २६ गते प्रकाशित सूचना अनुसार परिषद्बाट सम्बन्धन प्राप्त यस तिलगंगा आँखा प्रतिष्ठानमा **प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान (Certificate in Ophthalmic Science)** मा विद्यार्थीका लागि यही असोज १५ गते विहीवार भित्र आवेदन दिइसक्नुपर्ने भएकाले इच्छुक विद्यार्थीले थप जानकारीका लागि प्रतिष्ठानमा सम्पर्क गरी आवश्यक प्रक्रिया पूरा गर्नुहुन सूचित गरिन्छ ।

**आवश्यक योग्यता :**

१.मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अङ्ग्रेजी, विज्ञान विषय लिई एस.एस.सी. वा सो सरहको परीक्षा वा अक्षराङ्कन पद्धति लागु भए पछिको हकमा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अङ्ग्रेजी र विज्ञान विषयमा न्यूनतम् 'C' Grade तथा GPA-'2' प्राप्त गरेको ।

२.विद्यालयले प्रदान गरेको चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

३. नेपाली नागरिकता वा उमेर खुलेको प्रमाण पत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइज (35mm×45mm) को रङ्गीन फोटो फाराममा २ प्रति ।

**आवेदन सम्बन्धी जानकारी :**

१.माथि उल्लिखित योग्यता पूरा गरेका व्यक्तिहरू स्वयम्ले परिषद्को वेभसाइट www.ctevt.org.np बाट पूर्ण शुल्कीय खुला कोटा र पूर्ण शुल्कीय लक्षित वर्ग कोटा तर्फको मध्ये एकमात्र आफूले भर्न चाहे बमोजिमको फाराम डाउनलोड गरी भर्न सकिनेछ ।

२.यस प्रतिष्ठानमा स्वयम् उपस्थित हुन असमर्थ आवेदकले पूर्णरूपमा भरिएको उक्त फाराम स्क्यान गरी निम्न लिखित इमेलमा पठाउन सकिनेछ । सिटिइभिटीले तोकेको आवेदन शुल्क वापत्को रकम रू.८००।- तल दिइएको विवरणको खातामा जम्मा गरेको भौचर पनि समावेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| Bank Name | :**Prabhu Bank Ltd.**, Main Branch |
| Account Name | : **Nepal Eye Program** |
| Account No. | : **0010079046500441** |

३.आवश्यक विवरण भरी फाराम सहितका सम्पूर्ण प्रतिलिपिहरूमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्वयम् हस्ताक्षर गरी यस प्रतिष्ठानको एकेमेडिक विभागको इमेलमा १ प्रति फोटो समेत स्क्यान गरी पठाउनु पर्नेछ ।

**थप जानकारीका लागि :**

**तिलगंगा आँखा प्रतिष्ठान, शैक्षिक तथा तालिम विभाग**
गौशाला काठमाडौं ।
फोन : ०१-४११२५२२/४४९३७७५
इमेल : academic@tilganga.org

प्रा.डा. गोविन्दपौड्याल
प्राचार्य